# 31ST OF AUG

## मुख्य समाचार

- भारत मण्डपममा जिल्ला न्यायपालिकाको दुईदिने राष्ट्रिय सम्मेलनको प्रधानमन्त्रीले गर्नुभयो उद्घाटन
- प्रधानमन्त्रीले गर्नुभयो भिडियो कन्फरेन्स मार्फत तीन वन्दे भारत ट्रेनलाई Flag off
- विश्वमा सबैभन्दा धैरै कारोबार गर्ने डिजिटल माध्यम बन्यो यूपीआई
- प्रदूषण नियन्त्रण गर्न दिल्ली सरकार विगत 10 वर्षमा असफल भएको कांग्रेसको आरोप
- जारी पेरिस पाराओलम्पिकमा भारतकी प्यारा शूटर रुबिना फ्रान्सिस फाइनलमा

## भारत मण्डपममा जिल्ला न्यायपालिकाको दुईदिने राष्ट्रिय सम्मेलनको प्रधानमन्त्रीले गर्नुभयो उद्घाटन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले महिला र बालबालिकाको सुरक्षा समाजको लागि गम्भीर चिन्ताको विषय भएको बताउनु भएको छ। उहाले देशमा महिलाको सुरक्षाका लागि कानुन बनाइएको तर यसलाई थप सक्रिय बनाउन आवश्यक रहेको बताउनुभयो । उक्त वक्तव्य उहाँले आज नयाँ दिल्लीस्थित भारत मण्डपममा जिल्ला न्यायपालिकाको दुईदिने राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा दिनुभएको हो। ।श्री मोदीले सर्वोच्च अदालत स्थापना भएको 75 वर्ष पूरा भएपछि भारतको लोकतन्त्रको सम्मान अझ  बढेको मन्तव्य पोख्नु भएको हो। उहाले सर्वोच्च अदालतको 75 वर्ष भारतीय संविधान र त्यसको संवैधानिक मूल्य-मान्यताको यात्रा रहेको बताउनुभयो। श्री मोदीले भन्नुभयो आपतकालिन समयमा पनि सर्वोच्च अदालतले देशवासीलाई मौलिक अधिकारको ग्यारेन्टी दिएको छ र राष्ट्रिय हितको कुनै पनि प्रश्नमा अदालतले सधैं राष्ट्रिय एकताको रक्षाको  पक्ष लिएको छ। उहाले सर्वोच्च अदालत वा भारतीय न्यायिक प्रणालीमा कहिल्यै प्रश्न नउठेको कारण,  सर्वोच्च अदालत स्थापना भएको 75  वर्ष पूरा

भएपछि लोकतन्त्रको आमाको रूपमा भारतको गौरव बढेको उहाले बताउनु भयो। उहाले भारतीय लोकतन्त्रमा न्यायपालिकालाई संविधानको संरक्षक मानिने र यो आफैमा ठूलो जिम्मेवारी भएको बताउनु भयो। श्री मोदीले सर्वोच्च अदालतले आफ्नो जिम्मेवारी पूरा गर्न उत्कृष्ट प्रयास गरेकोमा जनतालाई भरपुर सन्तुष्टि भएको बताउनुभएको छ। प्रधानमन्त्रीले सर्वोच्च अदालत स्थापना भएको पचास वर्ष पूरा भएपछि हुलाक टिकट र सिक्का पनि जारी गर्नुभयो। सर्वोच्च अदालतका मुख्य-न्यायाधीश डीवाई चन्द्रचुडले आफ्नो सम्बोधनमा यस सम्मेलनमार्फत जिल्ला अदालत र प्रत्येक नागरिकबीच वार्ता हुने गरी जिल्ला अदालतका न्यायाधीशले यी विषयलाई बुझेर भविष्यको शान्ति व्यवस्थाको सामूहिक अवधारणा तयार गर्न सकियोस् भन्ने उद्देश्यका साथ शुरु गरिएको बताउनु भयो। सम्मेलनलाई सम्बोधन गर्दै केन्द्रीय कानून र अदालत मन्त्री अर्जुन राम मेघवालले तेस्रो चरणको ई-अदालतका लागि करिब सात हजार दुई सय करोड रुपैयाँ विनियोजन गरिएको र Artificial intelligence जस्ता गतिविधिहरुलाई तीव्रता दिइने बताउनुभयो

## प्रधानमन्त्रीले गर्नुभयो तीनवटा वन्दे भारत ट्रेनलाई Flag off

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्स मार्फत तीनवटा वन्दे भारत ट्रेनलाई Flag off गर्नुभयो। यी रेलहरू - मेरठदेखि लखनऊ, मदुरैदेखि बैंगलोर र चेन्नईदेखि नागरकोइलसम्म आवतजावत गर्ने छन्। यस अवसरमा श्री मोदीले यी ट्रेनहरुले देशको उत्तरदेखि दक्षिणसम्मको विकास यात्रामा नयाँ अध्याय थपिदिएको बताउनुभयो। वन्दे भारत रेलको विस्तारसँगै देश विकसित भारतको लक्ष्यतर्फ अघि बढिरहेको मन्तव्य उहाँले राख्नु भयो। प्रधानमन्त्रीले भन्नुभयो, "तीनवटा नयाँ वन्दे भारत ट्रेनहरूले महत्त्वपूर्ण र ऐतिहासिक शहरहरूलाई जोड्नेछ र मन्दिरहरूको सहर मदुराई अब आईटी शहर बेंगलुरुसँग जोडिनेछ।" श्री मोदीले थप भन्नुभयो, "वन्दे भारत, आधुनिक भारतीय रेलवेको नयाँ अनुहार हो।"

उहाँले आज प्रत्येक सहरमा वन्दे भारतको माग भइरहेको बताउँदै यी तीव्र गतिका रेलहरूले मानिसहरूलाई आफ्नो व्यापार तथा रोजगारी विस्तार गर्न र आफ्नो सपना साकार पार्ने विश्वास प्रदान

गरेको बताउनुभयो।  हाल देशभरमा एक सय दुई वन्दे भारत ट्रेन सेवा उपलब्ध रहेको पनि उहाँले जानकारी दिनुभयो। श्री मोदीले भारतले रेलवे स्टेशनहरूमा ठूलो परिवर्तन देखिरहेको र साना स्टेशनहरू पनि एयरपोर्टहरू जस्ता आधुनिक सुविधाहरूको साथ विकास भइरहेको बताउनुभयो।

प्रधानमन्त्रीले भारतीय रेलवेले गरिबदेखि मध्यम वर्गसम्म सबैलाई सहज यात्राको ग्यारेन्टी गर्न आफ्नो काम जारी राख्ने प्रतिबद्धता जाहेर गर्नुभयो। उहाँले विकसित भारतको लक्ष्य हासिल गर्न दक्षिणी राज्यहरूको द्रुत विकास धेरै महत्त्वपूर्ण रहेको पनि बताउनुभयो।

## विश्वमा सबैभन्दा धेरै कारोबार गर्ने डिजिटल माध्यम बन्यो यूपीआई

विश्वका प्रमुख डिजिटल पेमेन्ट प्लेटफार्महरूलाई पछाडि छोड्दै भारतको UNIFIED PAYMENT INTERFACE (यूपीआईआई)-ले यस वर्ष अप्रिलदेखि जुलाईको बीचमा लगभग 81 लाख करोड रुपियाँको कारोबार गरेको छ। गत वर्षको तुलनामा यसमा सैतिस (37) प्रतिशतको बढोत्तरी भएको छ। ग्लोबल पेमेन्ट हब

PaySecure को पछिल्लो तथ्याङ्कअनुसार UPI मार्फत प्रति सेकेन्ड 3 हजार 700 भन्दा बढी कारोबारहरू भएका छन्। यो 2022 मा प्रति सेकेन्ड भएको 2 हजार 3 सय अडचालीस कारोवारहरूभन्दा अनठाउन प्रतिशत बढी हो। यसरी, कारोबारको सङ्ख्यामा, UPI ले चीनको Ali-Pay, PayPal र ब्राजिलको PIX लाई पछाडि छाडेको हो। जुलाईमा UPI को कारोबार 20 लाख 60 हजार करोड नाघेको छ। यो एक महिनामा भएको सबैभन्दा धेरै कारोबार हो।

## प्रदूषण नियन्त्रण गर्न दिल्ली सरकार विगत 10 वर्षमा असफल भएको कांग्रेसको आरोप

दिल्ली कांग्रेस प्रदेश अध्यक्ष श्री देवेन्द्र यादवले राजधानीको प्रदूषण नियन्त्रण गर्न दिल्ली सरकार विगत 10 वर्षमा असफल भएको आरोप लगाउनु भएको छ। आज एक विज्ञप्ति जारी गर्दै श्री यादवले जाडो मौसममा प्रदूषण न्यूनीकरणका लागि पर्यवरण मन्त्री श्री गोपालले घोषणा गरेको ढाँचाले विगत 10 वर्षमा कुनै फाइदा नदिएको बताउनुभएको छ। श्री यादवले दिल्ली सरकारले odd-

even, र smoke  टावर जस्ता धेरै योजनाहरू लागू गरे पनि वायु गुणस्तर सूचान्ङ-मा शहरको प्रदूषण श्रेणी 100 भन्दा माथि रहेको बताउनुभयो। श्री यादवले दिल्लीका उपराज्यपाल श्री  विनय कुमार सक्सेनासँग दिल्लीको प्रदूषण नियन्त्रण मुद्दामा हस्तक्षेप गर्न माग पनि  गर्नुभएको छ।

## दिल्लीकोआदमी पार्टीका धेरै नेताहरूले आज दिल्ली प्रदेश कांग्रेस अध्यक्ष

दिल्लीको आदमी पार्टीका धेरै नेताहरूले आज दिल्ली प्रदेश कांग्रेस अध्यक्ष श्री  देवेन्द्र यादवको उपस्थितिमा कांग्रेसको सदस्यता लिएका छन्।  सो अवसरमा श्री  यादवले पार्टी प्रवेश गरेका सबै नेताहरुलाई स्वागत गर्दै भाजपा र आम आदमी पार्टीबीचको लडाइले दिल्लीको विकास रोकिएको बताउनुभयो।

## जारी पेरिस पाराओलम्पिकमा भारतकी प्यारा शूटर रुबिना फ्रान्सिस फाइनलमा

अहिले भइरहेको पेरिस पाराओलम्पिकमा भारतकी प्यारा शूटर रुबिना फ्रान्सिसले छनोट चरणमा सातौँ स्थानमा रहेर महिला 10 मिटर एयर पिस्टल SH-1 को फाइनलमा स्थान बनाएकी छिन्। आज साँझ उनले फाइनलमा पदकको लक्ष्य राखेकी छन्।यसरी नै स्वरूप उन्हलकर 10 मिटर एयर राइफल स्ट्यान्डिङमा फाइनलमा पुग्न सकेनन्। हिजो पाराओलम्पिकमा भारतले सुटिङमा तीन पदक जितेको छ। यसमा अवनी लेखाले स्वर्ण, मोना अग्रवालले कास्य र पुरुष 10 मिटर एयर पिस्टल SH-1 मा मनिष नरवालले 2 सय 34 अंकका साथ रजत पदक जितेका छन्।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- भारत मण्डपममा जिल्ला न्यायपालिकाको दुईदिने राष्ट्रिय सम्मेलनको प्रधानमन्त्रीले गर्नुभयो उद्घाटन
- प्रधानमन्त्रीले गर्नुभयो भिडियो कन्फरेन्स मार्फत तीन वन्दे भारत ट्रेनलाई Flag off
- विश्वमा सबैभन्दा धेरै कारोबार गर्ने डिजिटल माध्यम बन्यो यूपीआई
- प्रदूषण नियन्त्रण गर्न दिल्ली सरकार विगत 10 वर्षमा असफल भएको कांग्रेसको आरोप
- जारी पेरिस पाराओलम्पिकमा भारतकी प्यारा शूटर रुबिना फ्रान्सिस फाइनलमा